# यौन प्रसारित संक्रमण

एक व्यक्तिबाट अर्को व्यक्तिमायौन सम्पर्कको मध्यमद्वारा सर्ने संक्रमणलाई यौन प्रसारित संक्रमण (यौन रोग) भनिन्छ |




धेरै प्रकारको यौन सम्पर्क मध्यमहरुद्वारा यौनजन्य रोग सर्न सक्छ | लिङ्गद्वारा योनी, लिङ्गद्वारा मलद्वार, वा मुख मैथुन (मुखद्वारा लिङ्ग, मुखद्वारा यौनी) द्वारा गरिने यौन सम्पर्कबाट यौनजन्य रोग सर्न सक्छ | यौनजन्य रोग कहिलेकाँही कुनै व्यक्तिको संक्रमित लिङ्ग वा यौनी अर्को व्यक्तिको जननेन्द्रियसंग माड्दा र मसार्दा पनि सर्न सक्छ |


यौनजन्य रोगको लक्षणहरुमा यौन सम्बन्ध राख्दा दुख्ने,योनी, लिङ्ग र मलद्वारबाट असामान्यस्राव बग्ने, र वा यौनाङ्ग घाउँ, खटिरा र बिबिरा आउने जस्ता लक्षणहरु हुन् |

कुनै लक्षणहरु बिना पनि यौन रोगबाट संक्रमित हुनु सामान्य हो | यदि लक्षणहरु देखा परेका छैनन् भने पनि यौन रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ | यौन रोगबाट संक्रमित भएको छ वा छैन भनी पत्ता लगाउन र सहि उपचार गरी रोग निको पार्न लागि परिक्षण गर्नु सबै भन्दा उपयुक्त मध्यम हो | जहाँ परिक्षण गर्ने सुविधा छैन तत्काल संक्रमणको उपचार गर्नु अतिनै महत्वपूर्ण हुन्छ | जुन व्यक्तिसंग जसले यौन सम्पर्क गरेका हुन्छ त्यस व्यक्तिलाई समेत परिक्षण र उपचार गर्नको लागि सहयोग गर्नु पर्ने हुन्छ | यदि यौन सम्पर्क गरेका दुवै व्यक्तिहरुको उपचार गरिएन भने पुन: संक्रमित हुने साथै अरुलाई पनि संक्रमण गर्न सक्छ |

प्रायजसो यौन रोगहरु एन्टीबायोटिक औषधिको प्रयोग गरी उपचार गरेमा निको पार्न सकिन्छ | अन्य कतिपय यौन रोगहरु निको पार्न नसकेता पनि व्यवस्थापन गर्न सकिन्छ | दुखाई कम गर्ने र औषधि सेवन गरी रहेको समयमा औषधिको प्रभाकरिताको कारणले गर्दा नकारात्मक असरहरुको उपचारको लागि समेत औषधिहरु उपलब्ध छन् |

यौन रोगको रोकथाम गर्ने सबै भन्दा उपयुक्त मध्यम भनेकै यौन सम्पर्क नगर्नु वा आफ्नो यौन जोडीको यौन रोग छैन भने सुनिश्चित हुनु हो | तर यो सधै सम्भव छैन, त्यसैले यौन रोग रोकथाम गर्न यौन सम्पर्क गर्दा सधै कण्डम प्रयोग गर्नु अर्को सबै भन्दा उपयुक्त मध्यम हो जसबाट यौन रोग लाग्ने सम्भावना कम हुन्छ | स्वास्थ्यकर्मीहरुले यौन रोग लागेको व्यक्तिहरुलाई आदर सम्मानजनक उपचार अतिनै महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ (पाना २६ हेर्नुहोस्) |

# यौन रोगलाई किन जटिल समस्या मानिन्छ?



किन कि यौनकृयालाई साधारण र सामान्य मानिने भएकोले गर्दा यौन रोग पनि सामान्य रुपमा पाइन्छ | जब यौन रोगको उपचार गर्दैनन् त्यसले महिला, पुरुष र बालबालिकाहरुलाई नकारात्मक असर पार्छ | यौन रोग हुने कारणहरुः

- महिला र पुरुष दुबैमा बाँझोपन हुन्छ |
- शिशु चाडै, सानो, अन्धा, अस्वस्थ र मृत जन्मछ |
- कडा प्रकारको संक्रमणले गर्दा मृत्यु हुन्छ |
- दिर्घकालिन रुपमापिडा हुने हुन्छ |
- पाठेघरको मुखको, घाँटी र मलद्धारको क्यान्सर हुने हुन्छ |
- अन्य यौन रोग लगायत एच.आई.भी. संक्रमण हुने जोखिम बढ्छ |

# यौन सम्पर्कको मध्यमबाट कसरी यौन रोग आफ्नो यौन जोडीमा सर्छ?

महिला पुरुष दुबैलाई यौन रोग लाग्न सक्छ | तर जुन व्यक्तिले यौन सम्पर्कको अन्त्यमा जसले योनी वा मलद्धारमा लिङ्ग घुसार्ने गर्छन उनीहरु बढि जोखिमा पर्छ |कण्डमको प्रयोग नगरेमा वीर्यको मध्यमबाट संक्रमण यौनी, मलद्धार र मुख भित्र सर्न सक्छ | लिङ्ग योनी तथा मलद्धारमा घुसार्नाले योनी वा मलद्धारको भित्री भागमा घर्षण भई  झिल्लीहरु रगटिएर खुल्ला हुनाले सम्पूर्ण शरीर भरी संक्रमण फैलिने सम्भावना बढ्छ | यदि योनी वा मलद्धार भित्र घाँउ खटिरा नभएता पनि यस्तो हुन् सक्छ | यदि यौनाङ्गको बाहिरी भागमा घाँउ खटिरा वा छाला पिल्छिएको छ भने पनि यौन रोग तथा एच. आई.भी. सजिलै सर्न सक्छ |

# यदि यौन रोग संक्रमित भएमा के गर्नुपर्छ?

- यदि परिक्षणको सुविधा छ भने परिक्षण गरी हाल्ने |
- तुरुन्त यौन रोगको उपचार गरी हाल्ने
- आफ्नो यौन जोडीलाई पनि आफुसंगै उपचार गर्न सहयोग गर्ने | यसो गरेमा यदि फेरी यौन सम्पर्कसंगै गरियो भने पुनः संक्रमण हुँदैन |



# यौन रोग भएको छ?

असामान्य स्राव बग्नु, दुख्नु र यौनाङ्गमा घाँउ खटिरा आउनु यौन रोगको लक्षणहरु हुन् | तर प्राय जोस यौन रोगहरुमा लक्षण देखा पर्दैन, लक्षणबिहिन हुन्छन् | कण्डम प्रयोग नगरी असुरक्षित यौन सम्पर्क गरेमा यौन रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ | रगत, पिसाब वा शरीरको संक्रमित अङ्गको भागको स्वाबको नमुना संकलनद्वारा यौन रोग लागेको छ वा छैन भनेर पहिचान गर्नको लागि प्रयोग गर्न सक्छ | लक्षणबिहिन यौन रोगको पहिचान तथा उपचार गर्नको लागि परिक्षण नियमित स्वास्थ्य सेवाको अभिन्न अङ्ग पनि हो |

## यौन रोगको लागि परिक्षण

यौन रोगको परिक्षण गर्नको लागि स्वास्थ्यकर्मीहरुले व्यक्तिबाट नमुना संकलन गर्छ र परिक्षण गर्ने किट प्रयोग गर्छ वा माईक्रोस्कोप प्रयोग गरी संक्रमण हेर्छ | यौन रोग परिक्षण गर्ने विधीहरु यस प्रकार छन्:

**कुनै यौन रोगको लागि रगत परिक्षण गर्न सकिन्छ |**



- यौनाङ्ग भागको स्वाव प्रयोग गरेर नमुना संकलन गरी क्लैमाइडिया, गोनोरिया (धातु रोग), जेनिटल हर्पेस  च्यानक्रोईड वा ट्रायकोमोनस परिक्षण गर्न सकिन्छ | मुखको भित्री भागको स्वाबिङ्गद्वारा एच.आई. भी. परिक्षण गर्न सकिन्छ | मुख मैथुन वा मलद्वारमा गरिने यौनकृया भएको यौन रोगको परिक्षण गर्न कहिले काँही घाँटी वा मलद्वारको स्वाबिङ्गको आवश्यकता पर्छ | पाठेघरको मुखको स्वाबिङ्गद्वारा एच.पी.भी. परिक्षण गर्न सकिन्छ |
- पिसावको परिक्षणद्वारा क्लैमाइडिया र गोनोरियाको पहिचान गर्न सकिन्छ |
- रगतको परिक्षणद्वारा सिफिलिस (भिरिंगी), जेनिटल हेर्पेस, हेपाटाईटिस र एच.आई.भी. पहिचान गर्न सकिन्छ |

सम्पूर्ण मानिसहरु जो यौनकृयामा सकृय छन् उनीहरुको लागि यौन रोगको परिक्षण गर्नु राम्रो विचार हो | कति पटक यौन रोगको परिक्षण गर्ने भन्ने कारण कति जना नयाँ यौन जोडी छ, एक जना भन्दा बढि यौन जोडी कति जना छन् वा यौन रोग छ कि भन्ने कारणमा निर्भर हुन्छ | यदि गर्भवती महिला छन् भने महिला र शिशुलाई नकारात्मक असर पार्न सक्ने कारणबाट बचाउनको लागि यौन रोगको परिक्षण गर्नु सामान्य हो |

# यौन रोग हुन् सक्ने लक्षणहरु

| दुखाई वा महिलाको योनीबाट असामान्य स्राव बग्ने | |
|---|---|
| के तल्लो पेटमा दुख्छ वा यौन सम्पर्क गर्दा दुख्छ? | यो पेल्भिक सुनिने रोग (पेल्भिक ईन्फ्लामेन्टरी डिजिज) भएको हुन् सक्छ, पाना ११ मा हेर्नुहोस् \| |
| के पिसाब फेर्दा दुख्छ वा पोल्ने गर्छ? | यो पिसाबको संक्रमण हुन् सक्छ, यौन रोग होइन \| वा ट्राईकोमोनस, गोनोरिया वा क्लैमाइडिया, पाना ९ मा हेर्नुहोस् \| |
| के सेतो वा खैरो र गनाउने वा यौन सम्पर्क गरेपछि माछाको जस्तो स्राव बग्छ? | यो ब्याक्टेरियल भाजिनोसिस, पाना ६ मा हेर्नुहोस् वा कम रुपमा ट्राईकोमोनस हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| |
| के बगेको योनी स्राव पहेलो वा हरियो छ? | यो गोनोरिया वा क्लैमाइडिया, पाना ९ मा हेर्नुहोस् \| यो ट्राईकोमोनस पनि हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| |
| के बगेको सेतो स्राव, हेर्नुमा कडा चिज वा मख्खन दुध, वा ढुसी, बेकिकिङ्ग जस्तै गनाउँछ? | यो यिस्ट (ढुसी) संक्रमण हुन् सक्छ, यो यौन रोग होइन, पाना ७ मा हेर्नुहोस् \| |

| दुखाई वा पुरुषको लिङ्गबाट असामान्य स्राव बग्ने | |
|---|---|
| के पिसाब फेर्दा दुख्छ वा पोल्ने गर्छ? | यो गोनोरिया वा क्लैमाइडिया हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| वा कम मात्रामा ट्राईकोमोनस हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| |
| के सेतो वा खैरो र गनाउने वा यौन सम्पर्क गरेपछि माछाको जस्तो स्राव बग्छ? | यो गोनोरिया वा क्लैमाइडिया, पाना ९ मा हेर्नुहोस् \| स्वास्थ्यकर्मीहरुसंग कुराकानी गर्नुहोस अन्य कारणहरुको पनि उपचार गर्नु पर्छ \| |
| के लिङ्गबाट थोपा थोपा बगेको स्राव केहि छ? | यो गोनोरिया हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| |

| घाउ, खटिरा र यौनाङ्ग वा मलद्वारमा मासु पलाएको | |
|---|---|
| के वरिपरी नदुख्ने खुल्ला घाउ छ? | यो सिफिलिस (भिरिंगी) हुन् सक्छ, पाना १२ मा हेर्नुहोस् \| |
| एक वा सो भन्दा बढि दुख्ने फुलेको र सजिलै रगत आउने  घाउहरु छन? | यो स्यान्क्रोईड हुन् सक्छ, पाना १२ मा हेर्नुहोस् \| |
| फुट्न लागेको कडा रुपमा दुख्ने, खुल्ला घाउहरु भएको मसिना स-साना खटिराहरु छन्? | यो हर्पेस हुन् सक्छ, पाना १४ मा हेर्नुहोस् \| |

| महिला र पुरुषको यौनाङ्ग वा मलद्वारमा देखा पर्ने अन्य लक्षणहरु |
|---|
| मलद्वारमा चिलाउने वा दिसा गर्दा दुख्ने कहिले काँही यौन रोगको लक्षण हुन् सक्छ \| यदि तपाईले आफ्नो मलद्वारबाट स्राव बगेको वा दिसा पुछदा चिप्लो जस्तो छ भने त्यो गोनोरिया वा क्लैमाइडिया हुन् सक्छ, पाना ९ मा हेर्नुहोस् \| |
| योनी, लिङ्ग र मलद्वारबाट रगतसहित वा खैरो स्राव बगेको छ भने त्यो कडा प्रकारको संक्रमणको लागि मेडिकल सहयोग लिनुहोस् \| |

## यौनाङ्गचिलाउने

योनीद्वारको वरिपरी, तिघ्राहरु वा पिसाब निस्किने ठाउँमा चिलाएमा ढुसी (यिष्ट) हुन् सक्छ (पाना ७ हेर्नुहोस्) वा महिलामा ट्राईकोमोनसको लक्षण हुन् सक्छ (पाना ९ मा हेर्नुहोस्) |

यौनाङ्गमा जुम्रा वा लुतो छ भने पनि चिलाउछ | यसको उपचार छालामा औषधि जस्तै पर्मेथ्रिनको प्रयोग गरी गर्न सकिन्छ | लुतो परिवारमा सहजै फैलिन्छ, बालबालिकाहरुमा प्राय हुन्छ र सम्पूर्ण शरीरको भागमा असर गर्छ | यौनाङ्गमा साबुन, सुगन्ध (प्रफुम) वा रसायन पदार्थ प्रयोग गर्नाले पनि चिलाउने गर्छ | यौनाङ्गको बाहिरी भाग साधा पानीले धुनुहोस् कतै चिलाएको हराउछ कि ख्याल गर्नुहोस् |

### योनीबाट स्राव बग्ने

महिलाहरुमा महिनावारीको बीचको समयमा भिज्नु र योनीबाट केहि स्राव बग्नु सामान्य हो | यसरी आफै योनीले सफा राख्छ | महिनावारी चक्रको दिनहरुमा र गर्भवती भएको बेलमा आफै स्राव परिवर्तन हुन्छ | यौनी स्राव सफा, दुध वा हल्का पहेलो हुनु सामान्य हो, तर यदि असामान्य रुपमा धेरै वा कडा पहेलो, हरियो वा बाक्लो सेतो, गनाउने वा चिलाउने वा पाछिएको छ भने त्यसलाई बगेको भन्छ र त्यो यौन रोग हुन् सक्छ | असामान्य लक्षण र असहज छ भने सहायता लिनुहोस् |

धेरै राम्रो खाल्को लाभदायक ब्याक्टेरिया योनीलाई स्वास्थ्य राख्नको लागि त्यहाँ पैदा हुन्छ | धेरै चिन्ता पिर, एन्टीबायोटिक्सको सेवन, गर्भवती भएको बेलामा र अन्य अवस्था स्थितमा ब्याक्टेरियालाई असर पार्छ र यौनीमा संक्रमण हुन् सक्ने सम्भावना बढ्छ | दैनिक योनी सफा गरी,यौनाङ्गमासुगन्ध, सुगन्ध आउने साबुन प्रयोग नगरी वा योनी भित्र स्प्रे नछर्कीयोनीमा हुने संक्रमण रोकथाम गर्न सकिन्छ | कफी, रक्सी वा गुलियो खानेकुरा वा पेय पदार्थ कम सेवन गर्नाले योनीमा हुने संक्रमण कम गर्न सकिन्छ |

# ब्याक्ट्रेलियल भेजिनोसिस


योनीमा हुने ब्याक्ट्रेलियल संक्रमणलाई ब्याक्ट्रेलियल भेजिनोसिस भनिन्छ | योनीमा साबुन, सुगन्ध (प्रफुम) वा बास्नादार पदार्थ प्रयोग गरेमा सहजै यस प्रकारको संक्रमण हुन् सक्छ | यदि यौन सम्पर्क गर्दा योनीमा बढि घर्षण हुन्छ भने त्यस्तो अवस्थामा ब्याक्ट्रेलियल भेजिनोसिस हुन् सक्ने सम्भावना बढि हुन्छ | साधारणतया त्यो डरलाग्दो चाही होइन, तर गर्भवती महिलाहरुमा शिशु चाडै जन्मन सक्ने वा बच्चा जन्मी सकेपछि चाडै संक्रमण हुन् सक्छ |

## लक्षणहरु

- सामान्य भन्दा बढि यौनी स्राव बग्ने |
- विशेषत यौन सम्पर्क गरेपछि योनी दुर्गन्धित, माछा जस्तै गनाउने |
- हल्का चिलाउने |


## उपचार

कुनै एक यो लिनुहोस्: मेट्रोनिडाजोल मुखबाट सेवन गर्नुहोस् वा योनीमा लगाउनुहोस् | टिनिडाजोल मुखबाट सेवन गर्नुहोस् वा क्लिनड्यामाईसिन मुखबाट वा योनीमा लगाउनुहोस् | यदि गर्भवती हो भने, मेट्रोनिडाजोल प्रयोग गर्नुहोस, मुखबाट सेवन गर्नुहोस् |



जांच गर्नुहोस् औषधि मुखबाट सेवन गर्ने हो कि योनीमा राख्नु पर्ने हो |

# ढुसी संक्रमण (मोनिलियासिस, क्यान्डीया, थर्स)



ढुसी (यिष्ट) ले यौनाङ्गलाई असर पार्छ र मानिसहरुलाई त्यो यौन रोग हो भन्ने सोच गराउछ,तर सामान्यता ढुसी यौन सम्पर्कद्वारा सर्दैन | सामान्यतया ढुसी खतरानक हुन्न तर त्यसले असजिलो पार्न सक्छ |गर्भवती हुँदा, एन्टीबायोटिक्स सेवन गर्दा र अन्य रोगहरु जस्तै मधुमेह वा एच.आई.भी. संक्रमणमा ढुसी हुने सम्भावना बढि हुन्छ | महिलाहरुमा ढुसी सामान्य हो तर पुरुषहरुलाई पनि यो संक्रमण हुन् सक्छ |पुरुषहरुमा यसले लिङ्गको टुप्पो सुनिने र अण्डकोष चिलाउने हुन् सक्छ | महिला र पुरुष दुवैलाई घाँटीमा थ्रसको संक्रमण हुन् सक्छ |

ढुसी तिघ्राको भित्री भाग, स्तनको तलतिर वा मलद्वारको वरिपरी देखा पर्न सक्छ | जहाँ शरीरको एक भाग अर्को भागसंग टासिएको वा डाकेको हुन्छ त्यस्तोमा छाला ओसिलो हुने भागहरुमा साधारणतया ढुसी पर्छ |

## महिलाहरुमा लक्षणहरु

योनीबाट दहि जस्तै सेतो दाना-दाना दुध फाटेको स्राव बग्नु |

योनीको भित्री र बाहिर दुवैपट्टि छाला गाढा रातो हुनु र त्यसबाट कहिले काही रगत बग्नु |

योनी भित्र र बाहिर धेरै चिलाएको अनुभूति हुनु|

पिसाब फेर्दा पोलेको जस्तै अनुभूति हुनु|

## पुरुषहरुमा लक्षणहरु

- लिङ्गको छालाको भित्र पत्रहरुमा बाक्लो, सेतो स्राव जमेर बसेको |
- लिङ्गको टुप्पोमा रातो दाग देखिने |
- लिङ्ग वा अण्डकोष चिलाउने, पोल्ने वा रातो हुने |

## उपचार


साधारणतय सामान्य ढुसी संक्रमित भएको हो भने औषधि नगरी आफै जान्छ | प्राकृतिक उपचार पद्धतिले चिलाउने कम गर्न सकिन्छ |

**प्राकृतिक उपचारः**



योनी स्राव सफा पानीले धुइ पखाली गरेमा वा साधा दहि (चिनी वा कुनै अन्य वस्तु नमिसाएको) वा एक चौथाई भिनिगर सफा मन तातो पानीमा मिसाएर सफा गरेमा सहयोग मिल्छ | यसपानीमा २० देखि ३० मिनेटसम्म बस्नुहोस् | यदि तपाईलाई सहज महसुस भयो भने दिनको २ पटक त्यसमा बस्नु होस् |

वा ३ टेबल चम्चा भेनिगर एक लिटर उमालेरचिसो पारेको पानीमा मिसाउनुहोस् | सफा कपासको टुक्रा डुत्यस मिसावटमा भिजानुहोस् र प्रत्येक रात ३ रातसम्म योनीमा कपास घुसार्नुहोस् | प्रत्येक बिहान कपास निकाल्नुहोस् | पुरुषले पनि त्यसरी तयार पारिएको कपास लिङ्ग वा अण्डकोष सफा प्रयोग गर्न सक्छ |



**औषधिद्वारा उपचार**

निम्न कुनै एक प्रयोग गर्नुहोस्:

योनी, लिङ्ग वा अण्डकोषमा जेन्सन भोईलेन्ट झोल प्रत्येक रात ७ रातसम्म प्रयोग गर्नुहोस् (पाना ३८) |

वा

मिकोनजोल क्रिम (पाना ९), न्यास्टाटिन क्रिम (पाना ३९) वा क्लोट्रिमाजोल क्रिम (पाना ३८) वा ट्याबलेट योनीमा वा भित्र, वा लिङ्ग वा अण्डकोषमा प्रत्येक रात ७ रातसम्म लगानुहोस् |  यी औषधिहरु गर्भवती हुँदा योनीमा लगाउनु सुरक्षित छन् |

पुरुषलाई निको हुन् लामो समय लाग्न सक्छ |

## रोकथाम

यौनाङ्गमा हावा प्रवेश गर्न सहज पार्न खकुलो कपडा र भित्री कट्टु लगाउनुहोस् | यसले ढुसी पर्नबाट रोक्छ | भित्रि कट्टुहरु बारम्बार फेर्नुहोस् वा धुनुहोस् | नुहाउदा खेरि यौनीमा साबुनको प्रयोग गर्नुहोस् | डाउन्च नगर्नुहोस् | यदि तपाईलाई मधुमेह वा एच.आई.भी. छ, औषधि सेवन सेवन सहि तरिकाले गरी राख्नु भएको छ र आफ्नो स्वास्थ्यको ख्याल गर्नु भएको छ भने ढुसी रोकथाम गर्न मद्दत पुग्छ |

# ट्राईकोमोनस (ट्रिच)

परजीवीद्वारा संक्रमण भएकोलाई ट्राईकोमोनस भनिन्छ | महिलाहरुलाई ट्राईकोमोनस भएमा धेरै असजिलो र चिलाउने हुन्छ | पुरुषहरुमा लक्षणहरु देखा पर्दैन | यदि संक्रमण लिङ्ग भित्र भएको छ भने, महिलासंग काण्डमको प्रयोग नगरी यौन सम्पर्क गरेमा सर्न सक्छ |

ट्राईकोमोनस खतरनाक हुन्न, तर योनीलाई असहज पार्ने, जलन हुने जसले गर्दा महिलाहरुलाई अन्य यौन रोगको साथै एच.आई.भी. संक्रमण सहजै हुन् सक्छ |

## लक्षणहरु

- खैरो, पहेलो वा हरियो स्राव बग्नु |
- दुर्गन्धित स्राव बग्नु |
- योनी रातो र चिलाउनु |
- पिसाब फेर्दा दुख्नु वा पोल्नु |



योनीबाट दुर्गन्धित स्राव बग्नु सामान्यता ट्राईकोमोनसको कारणले गर्दा हुन्छ |

## उपचार

मेट्रोनिडाजोल (पाना ३५) वा टिनिडाजोल (पाना ३७) मुखबाट सेवन गर्ने | गर्भवती महिलाले टिनिडाजोल सेवन गर्नु हुँदैन |

एउटै प्रकारको औषधिद्वारा यौन जोडी वा जोडीहरुको उपचार गर्नुहोस् |

सम्भव भएसम्म राम्रो महसुस गर्नकोलागि सफा मन तातो पानी भएको बाटामा १५ मिनेटसम्म बस्न लगाउनुहोस् | यौनाङ्गलाई त्यसले आनन्द अनुभूति गराउछ र चाडै निको हुन मद्दत गर्छ | तपाई र तपाईको यौन जोडीको उपचार नसकिन्जेल र लक्षणहरु पूर्ण रुपमा नहटुन्जेलसम्म यौन सम्पर्क नगर्नुहोस् |

# गोनोरिया तथा क्लैमाइडिया


कुनै लक्षणहरु बिना पनि महिला र पुरुष दुवैलाई गोनोरिया (धातु रोग) र क्लैमाइडिया हुन् सक्छ | यदि गोनोरिया र क्लैमाइडियाको उपचार नगरेमा महिला र पुरुष दुवैलाई कडा प्रकारको संक्रमण वा बाँजोपन हुन् सक्छ | प्रत्येक गर्भवती महिलाले गोनोरिया र क्लैमाइडियाको परिक्षण गराउनु पर्छ किन भने प्रसूति हुनेक्रममा उनको शिशु यी संक्रमणहरुद्वारा संक्रमित हुन् सक्छ | यदि परिक्षण गर्दा गोनोरिया वा क्लैमाइडिया वा दुवै देखिएमा उनी र उनको यौन जोडी दुवैको उपचार गर्नु पर्छ | यदि उनी र उनको यौन जोडीको लक्षण देखा परेको छ तर परिक्षण गर्ने प्रावधान छैन भने दुवै जनालाई उपचार गर्नु पर्छ | गोनोरिया वा क्लैमाइडियाको उस्तै लक्षणहरु हुन्छ |

## महिलाहरुमा देखिने लक्षणहरु

- योनी वा मलद्वारबाट पहेलो वा हरियो स्राव बग्नु |
- तल्लो पेट दुख्नु |
- ज्वरो आउनु |
- यौन सम्पर्क गर्दा दुख्नु |
- पिसाब फेर्दा दुख्नु वा पोल्नु |

यदि महिलामा गोनोरिया वा क्लैमाइडिया छ साथै ज्वरो र तल्लो पेट दुख्ने पनि छ भने उनलाई पेल्भिक सुनिने रोग (पेल्भिक ईन्फ्लामेन्टरी डिजिज) हुन् सक्छ (पाना ११ हेर्नुहोस्) |

## पुरुषहरुमा देखिने लक्षणहरु



- लिङ्ग वा मलद्वारबाट पिप थोपा थोपा बग्नु |
- अण्डकोष सुनिएर दुख्नु |
- पिसाब फेर्दा दुख्ने र पोल्ने |

पुरुषमा संक्रमित व्यक्तिसंग यौन सम्पर्क गरेको पहिलो लक्षण २-५ दिन (वा ३ हप्ता वा बढि)  पछि शुरुवात हुन्छ | महिलामा हप्तौ वा महिनौ पछिसम्म पनि लक्षणहरु देखा नपर्न सक्छ | तर संक्रमण भएको केहि समय पश्च्यात कुनै लक्षण नै नभएका व्यक्तिहरुबाट पनि अन्य व्यक्तिमा रोग सर्न सक्छ |

## उपचार

जति चाडै उपचार शुरवात गर्न सक्यो त्यति नै प्रभावकारी हुन्छ | यदि तपाईले सन्चो भएको महसुस गर्दै गएमा पनि सम्पूर्ण औषधिहरु सेवन गर्न बिर्सनु हुँदैन |

एउटै प्रकारको औषधिद्वारा यौन जोडी वा जोडीहरुको उपचार गर्नुहोस् |

परिक्षणबाट दुई मध्ये एक मात्र रोग लागेको हो भनेर पत्ता नलगाउन्जेलसम्म गोनोरिया वा क्लैमाइडिया दुवैलाई उपचार गर्नु उपयुक्त हुन्छ |दुई थरिको औषधिको समिश्रणको प्रयोग गरीगोनोरिया वा क्लैमाइडियाको उपचार गर्नु पर्ने हुन्छ | यदि परिक्षणले क्लैमाइडिया देखायो तर गोनोरिया देखाएन भने एक थरिको औषधि मात्र आवश्यक हुन्छ | गोनोरिया वा क्लैमाइडियाको मिश्रित उपचारको औषधि पाना ४२ को तालिकामा देखाए अनुसार औषधिको उपलब्धता अनुसार विभिन्न मिश्रण र उपचार गर्न सकिन्छ |

एन्टीबायोटिकबाट गोनोरिया बढ्दो रुपमा प्रतिरोध गर्दै गई रहेकोले गर्दा औषधिको प्रभावकारी, उपलब्धता र सर्वसुलभको बारेमा तपाईको क्षेत्रमा स्थानीयहरुसंग सल्लाह सुझाव लिनु राम्रो हुन्छ |औषधि उपचार शुरुवात गरी सकेपछि पनि यदि पिपकोथोपा झर्ने र दुख्ने कम भएको छैन भने यसको मतलब गोनोरिया त्यस औषधिप्रति प्रतिरोध भएको रहेछ अब अर्कै औषधिको अवाशयक हुन सक्छ |

# कोखाको संक्रमण (Pelvic Inflammatory Disease, P.I.D.)



महिलाको तल्लो पेटको प्रजनन अङ्गहरुको कुनै पनि भागमा संक्रमण भएको अवस्थालाई कोखाको रोग (पेल्भिक ईन्फ्लामेन्टरी डिजिज/पी.आई.डी.) भनिन्छ |

यदि कसैलाई यौन रोग,विशेषत गोनोरिया वा क्लैमाइडिको उपचार गर्दा निको नभएमा पेल्भिक संक्रमण हुन् सक्छ |तर सबै पी.आई.डी.यौन संक्रमणबाट हुन्न |पि.आई.डी.हुन सक्ने अन्य कारणहरु मध्ये प्रसूति पछि संक्रमण, असुरक्षित गर्भपतन भएमा वा कहिले काही निर्मलीकृत नभएका  आई.यू.डी.राख्दा कोखाको संक्रमण पनि हुनसक्छ |

कोखामा संक्रमण गर्ने किटाणु योनीको मध्यमबाट पाठेघरको मुख हुँदै पाठेघर,डिम्बबहिनी नली र डिम्बशायसम्म पुग्छन् | यदि यस्तो संक्रमण हुँदा समयमा उपचार भएन भने त्यसले दिर्घ रुपमा पिडा, बाँझोपन धेरै बिरामी वा मृत्युसम्म हुन् सक्छ |

## लक्षण (एक वा सो भन्दा बढि निम्न लक्षणहरु देखा पर्न सक्छ)

- तल्लो पेट (कोखा)दुख्नु |
- यौन सम्पर्क गर्दा दुख्नु वा रगत बग्नु |
- तल्लो पेट थिच्दा धेरै दुख्नु|
- ज्वरो आउनु |
- अतिनै कमजोर र अनुभव हुनु |
- योनीबाट असामान्य रक्तश्राव वा दुर्गन्धित स्राव बग्नु |

## उपचार

साधारणतया यो संक्रमण किटाणुहरुको समिश्रणको कारणले गर्दा हुन्छ |त्यसैले उपचारको लागि ३ प्रकारको औषधिहरुको आवश्यकता पर्छ |कोखा संक्रमण (पी.आई.डी.)उपचारको लागि मिश्रित औषधि प्रयोग गरिन्छ |यथाशिघ्र उपचार गर्नुपर्छ |यदि औषधी गरेर ४८ घण्टा पछि ठिक भएको महसुस नभए वा यदि धेरै ज्वरो वा वान्ता आएर सिकिस्त भए वा गर्भवतीलाई यस्तो भए, वा भर्खरै गर्भापतन गरेको वा प्रसूति भएको छ भने यथाशिघ्र स्वास्थ्य केन्द्र वा अस्पतालमा गएर उपचार गर्नुपर्छ| यस्तो बेलामा नसाबाट दिने औषधि आवश्यक हुन्छ |कोखा संक्रमण भएको छ भने यौन जोडी वा जोडीहरुको परिक्षण र संक्रमणको उपचार गर्नुपर्छ |

# भिरीङ्गी (सिफिलीस) मा स्याङ्क्रोईड

सिफिलीस एक गम्भीर संक्रमण हो । यसले  शरीरमा नकारात्मक असर हुन्छ । यसको पहिलो लक्षण नदुख्ने र आफै हराउने घाउ आउनु हो । यदि सिफिलीस भएको थाहा नभएर उपचार गरिएन भने यो शरीरमा नै रही रहन्छ । सबै गर्भवती महिलालाई सिफिलीसको जाँच गरेर यसको उपचार गर्नुपर्दछ । यसो भएमा गर्भमा रहेको बच्चामा यसको असर पर्दैन, समय नपुगी जन्मने, अपाङ्गता भएको जन्मने र मृत बच्चा जन्मने सम्भावना कम गर्छ । स्वास्थ्यकर्मीले प्रत्येक गर्भवतीलाई जाँच गराउनुपर्दछ ।


स्याङ्क्रोईड एक यौन संक्रमण हो, जसले गर्दा यौनाङ्गमा दुख्ने घाउ हुन्छ । यो लिम्फ नोडहरु सुन्निन्छन् । बेलैमा उपचार गरेमा यो औषधिले नै निको हुन्छ ।

कसैलाई सिफिलीस वा स्याङ्क्रोईड वा दुवै भएको हो भन्ने यकिन भएमा संक्रमणको लागि उपचार गर्नुपर्दछ । यदि जाँच गर्दा यौन साथीलाई वा पनि जाँच गराएर उपचार गर्नुपर्दछ ।

जस्तै हेपाटाईटिस वि, एच.आई.भी. र अन्य संक्रमण पनि रगत र यौन सम्पर्कबाट सजिलै सर्न सक्छ । यस्ता संक्रमणलाई फैलनबाट बच्न समयमा उपचार गर्नुपर्छ र निको नभएसम्म यौन सम्पर्क गर्नुहुँदैन ।

यौनाङ्गमा भएको घाउ सफा राख्नुपर्छ, सुख्खा राख्नुपर्छ । संक्रमित व्यक्तिले प्रयोग गरेको कपडा कसैले प्रयोग गर्नुहुँदैन ।

सिफिलीस वा स्याङ्क्रोईड



पुरुषको यौनाङ्गमा

महिलाको यौनाङ्गमा

सिफिलीसको घाउ दुख्दैन भने स्याङ्क्रोईडको घाउ दुख्छ ।

## सफिलीसको लक्षण

सिफिलीसको पहिलो लक्षण सानो नदुख्ने खालको गाँठो आउँछ, रोगीसँग यौन सम्पर्क गरेको २ देखि ५ हप्तापछि देखिन्छ । यो गाँठोलाई स्याङ्कर भनिन्छ , शुरुमा डल्लो हुन्छ फुटेर घाउ बन्छ । यो प्रायजसो यौनाङ्गमा आउँछ तर मुखमा वा मलद्वारमा पनि आउन सक्छ । कुनै महिलाहरुमा यो योनीभित्र भए देखिदैन ।

यी घाउहरु हप्तासम्म रहेपछि र उपचार नगरेपनि आफै हराउँछन् । त्यसको केही हप्तापछि घाँटी दुख्ने, हलका ज्वरो आउने, मुखमा घाउहरु आउने, विमिराहरु (विशेष गरी हत्केला र पैतालामा) आउन सक्छ । यौनाङ्गमा घाउ आएको केही दिन वा हप्तापछि छालामा आएको अनौठो दाग वा विमिरा सिफिलीस हुनसक्छ ।

यस्तो भएमा यथाशीध्र जाँच गरेर उपचार गराउनुपर्दछ । नत्र सिफिलीस शरीरको अन्य भागमा फैलन सक्छ र मुटुरोग, पक्षघात, मानसिक असन्तुलन र मृत्युसमेत हुन सक्छ ।

एन्टिबायोटिकको आविष्कारपछि यस्तो डरलाग्दो अवस्था अहिले प्राय देखिन्न ।

## सिफिलीसको उपचार

यसको सबैभन्दा राम्रो उपचार मासुमा सुईको माध्यमबाट लगाइने बेन्जाथिन पेनिसलीन हो । यदि यो उपलब्ध नभए वा विरामीलाई पेनिसलीनसँग एलर्जी छ भने डक्सिसाईक्लिन खानुपर्छ । ईराईथ्रोमाईसीन पनि खान सकिन्छ

## स्याङ्क्रोईडको लक्षणहरु

सिफिलीस र स्याङ्क्रोईडको घाउ उस्तै देखिन्छ तर यदि घाउ दुख्छ र सजिलै रगत बग्छ भने त्यो स्याङक्रोईड हुन सक्छ । अन्य लक्षणहरुमा काछमा रहेका गिर्खाहरु सुन्निनु र मन्द ज्वरो आउनु हो ।


## स्याङ्क्रोईडको उपचार

यसको उपचार गर्दा एजिथ्रोमाईसीन प्रयोग गरिन्छ । यी मध्ये कुनै पनि प्रयोग गर्न सकिन्छ : सेफट्रियाक्जोनको सुई वा सिप्रोफ्लोक्सासीन वा ईराईथ्रोमाईसिन प्रयोग ।

# जेनाइटल हर्पस (जनेन्द्रियमा आउने जनै खटिरा)

यो यौन संक्रमण हो । यसलाई निको पार्न सकिदैन तर उपचारले विरामीलाई सन्चो महसुश हुन्छ ।


हर्पसले गर्दा यौनाङ्ग वा मलद्धारमा घाउहरु हुन्छ । यो लामो समय रहन सक्छ । यी घाउहरु मुखमा यौन सम्पर्क गर्दा फैलिन पनि सक्छ ।



**महिलाको यौनाङ्गमा घाउ**
जेनाइटल हर्पसले गर्दा आएको फोका

गर्भवती महिलालाई यो समस्या भए शिशुलाई जन्म दिंदा उसलाई सर्न पनि सक्छ । हर्पस भएको महिलाले अस्पतालमा नै प्रसुति गराउनुपर्छ, सकेसम्म शल्यक्रियाद्धारा (सि. सेक्सन) । गर्भको अन्तिम महिनामा गर्भवतीलाई उपचार गर्नुपर्दछ । जसले गर्दा बच्चामा यो संक्रमण हुन पाउँदैन ।

अन्य संक्रमणहरु जस्तै हेपाटाईटिस बि, एच.आई.भी. र अन्य यौनजन्य संक्रमणहरु पनि घाउको मार्फतबाट सजिलै सर्न सक्छ । यस्ता संक्रमणबाट बच्न तुरुन्तै उपचार गर्नृपर्छ  र घाउ निको नभएसम्म यौन सम्पर्क गर्नुहुँदैन ।



यौनाङ्गमा हर्पस भाइरसले हुने संक्रमण

## लक्षणहरु

- यौनाङ्गमा, कहिलेकाँही तिघ्रामा झमझमाउने, चिलाउने र दुख्ने
- सानो फोकाहरु फुट्ने घाउ हुने ।

पहिलो पटक हर्पस हुँदा यो ३ हप्ता वा त्योभन्दा बढी रहन सक्छ । साथै ज्वरो आउने, टाउको दुख्ने, जीउ दुख्ने, काम्ने वा काछमा गिर्खाहरु सुन्निन सक्छ  । भाईरस एकपटक शरीरमा प्रवेश गरेपछि घाउ भइरहने हुन सक्छ । यसबाट हुने दुखाई कम गर्नका लागि : केही औषधी खाने र तातो पानीमा बसेर सिजबाथ लिन सकिन्छ ।

## उपचार

हर्पसको कुनै उपचार छैन तर एसाईक्लोभिरले दुखाई कम गर्छ ।

## रोकथाम

यो फैलनबाट बच्नको लागि घाउ हुँदा यौन सम्पर्क नगर्ने ।  कण्डम प्रयोग गर्दा यो फैलनबाट जोगिन सकिन्छ ।


घाउ छोईसकेपछि हरेक पल्ट हात धोए परिवारका अन्य सदस्यमा यो फैलन पाउँदैन ।

# जनेन्द्रियमा आउने मुसा


मुसा भाईरसको कारणले आउँछ । जनेन्द्रियमा आउने मुसा शरीरको अन्य भागमा आउने मुसाभन्दा नरम हुन्छ र धेरैवटा आउँछ । योनीभित्र र पुरुषको यौनाङ्गभित्र मुसा आएपछि थाहा हुँदैन । कति मुसा आफै हराउन पनि सक्छन । तर कहिले कहिले यी अझ साहे हुँदै जान्छन् र उपचार गर्नु पर्छ । मुसाहरु सिफिलीसका गाँठाहरु जस्ता देखिने हुनाले परिक्षण गर्नु, यसको उपचार गर्नु, मुसाको उपचार गर्नु पूर्व नै गर्नुपर्छ ।

महिला गर्भवती भएको अवस्थामा मुसा छिटो बढ्छ । सुत्केरी हुँदा शिशुलाई संक्रमित बनाउन सक्छ । गर्भवती महिलालाई मुसा आएको छ भने अप्रेशन गरेर बच्चा पाउनुपर्ने हुन्छ । त्यसैले सुत्केरीले स्वास्थ्यकर्मीसँग सल्लाह लिनुपर्छ ।

## लक्षणहरु




- खस्रो खालको, सानो, कडा, सेतो खैरो डल्लो । महिलाको योनीको बाहिर भित्र वा मलद्वारको वरिपरि पलाउँछ । पुरुषमा लिङ्गमा, वा कहिलेकाँही अण्डकोषमा, मलद्वारको वरिपरि पलाउन सक्छ ।
- मुसा आउँदा चिलाउछ ।



## उपचार

यसको उपचारको लागि स्वास्थ्यकर्मीले स्वास्थ्यचौकीमा उपचार गरेर घरैमा कसरी उपचार गर्ने भनेर सिकाउँछन् र फेरी आउने सल्लाह दिन्छन् । यसका औषधिहरुमा ट्राईक्लोरो एसिटिक एसिड (टि.सि.ए), बाईक्लोरोएसिटिक एसिड (बि.सि.ए) वा पोडोफाईलक्स पर्दछन् । पाना ४० देखि ४१ हेर्नुहोस् ।



## रोकथाम


आफ्नो वा आफ्नो यौन साथीको जनेन्द्रियमा मुसा छ भने कण्डमको प्रयोग यौन क्रिया गर्दा गर्ने वा सकेसम्म यौन सम्पर्क नगर्ने । ह्युमन पापिलोमा भाईरस (एच.पि.भि.) विरुद्धको खोपले जनेन्द्रियको मुसालाई रोक्न सहयोग गर्छ ।

# ह्यमन पापिलोमा भाईरस (एच.पि.भि.)

एच.पि.भी. धेरै प्रकारका हुन्छन् । कुनै एच.पि.भी.ले जनेन्द्रियमा मुसा आउँछ । कुनै कुनै एच.पि.भि. धेरै खतरनाक हुन्छन् र पाठेघरको मुखको क्यान्सर, घाँटीको क्यान्सर, मलद्वारको क्यान्सर गराउन सक्छन् । प्राय जसो मानिसमा यो भाईरसको कुनै लक्षण नदेखिन सक्छ ।

सामान्य पाठेघरको मुखको जाँच गर्नाले पाठेघरमा एस.पि.भी. भएमा वा असामान्य कोषिकाहरु छन् कि छैनन् पत्ता लगाउन सक्छ । तर भाईरस देखियो भने पनि यसको मतलब क्यान्सर भएको हुदैन । समयसमयमा जाँच भने गराउनुपर्छ ।

क्रायोथेरापी भन्ने सुरक्षित र नदुख्ने उपचारले महिलाको पाठेघरको मुखमा भएको असामान्य कोषिकाहरुलाई मारे क्यान्सर हुन पाउँदैन ।


पाठेघरको मुखबाट लिईएको स्वाब एच.पि.भी. परिक्षणको लागि लिईएको

खोपले खतरनाक प्रकारका एच.पि.भी. लाई रोकथाम गर्न सक्छ, जसमा जनेन्द्रियको मुसा पनि पर्दछ । क्रमबद्ध रुपमा दिईने खोपहरुले विशेषगरी ९ देखि २६ वर्षको विचमा दिईने, एच.पि.भी. हुनबाट वा फैलिनबाट बचाउँछ ।


# Hepatitis B and Hepatitis C

हेपाटाइटिस भन्नाले कलेजो सुन्निने समस्या हो जुन सामान्य तया भाइरसको कारणले गर्दा हुन्छ । हेपाटाइटिस धेरै प्रकारका छन् तर हेपाटाइटिस बि र हेपाटाइटिस सी यौन सम्पर्क र रगतको माध्ययमबाट सर्न सक्छ । हेपाटाइटिस सी भने यौन सम्पर्कबाट सर्ने सम्भावना कम र रगतको माध्ययमबाट सर्ने सम्भावना धेरै हुन्छ । महिनावारी भई रहेको बेला वा यौन रोग लागेको, विशेषत एच.आइ.भी लागेको, विशेषत एच.आइ.भी लागेको व्यक्तिसंग यौन सम्पर्क गरेमा यौनको माध्ययमबाट हेपाटाइटिस बि र सी ले कलेजोलाई स्थायी रुपमा बिगार्नें, क्यान्सर तथा मृत्यु पनि हुनसक्छ । एच.आई.भी एड्स भएका व्यक्तिमा हेपाटाइटिस सी नै मृत्युको मुख्य कारण हो । हेपाटाइटिस बि र सी दुबै गर्भमा रहेको बच्चामा सर्न सक्छ ।

## हेपाटाइटिस 'बि' का लक्षणहरू

- अरुचि हुनु
- थकाई लाग्नु र कमजोर महशुस हुनु (विशेषगरी हत्केला र पैताला)
- पेट दुखनु तथा वाक, वाक लाग्नु
- खैरो, खरानी रैगको पिसाब र सेतो दिसा

हेपाटाईटिस बि का नै लक्षणहरू वा धेरै वर्षसम्म संक्रमण भएतापनि लक्षण नदेखिन सक्छ । कति मानिसहरूले रक्त परिक्षण नगरेसमम आफूलाई संक्रमण भएको थाहा पनि पाउँदैनन् ।



**टाइटिस बि र सी दुबैले कुनै लक्षण नदेखाए पनि यस्तो संक्रमणहरूले कलेजोलाई नराम्ररी क्षति गर्न सक्छ ।**

## उपचार

अहिले हेपाटाईटिस बि र सी लाई उपचार गर्ने औषधिहरू छन् । हेपाटाइटिस ‹सी› लाई निको नै पार्न सकिन्छ । तर हेपाटाइटिस सी निको हुनुको मतलब पुनः यो रोग लाग्दैन भन्ने चाहिँ हैन । आफूलाई कस्तो खालको हेपाटाईटिस भएको हो कुन कुन औषधि उपलब्ध छन् जान्नको लागि नजिकैको स्वास्थ्य संस्थामा गई जँचाउनु पर्छ । नेपालमा यस्ता औषधी महंगा हुन्छन् । सबै ठाउँमा पाइदैनन् । त्यसैले रोकथाम नै सर्वोत्तम उपाय हो । कलेजो बचाउन निम्न कुराहरू गर्न सकिन्छ । प्रशस्त आराम गरेर, फलफूलको रस पिएर, तरकारीको रसहरू खाएर । वाक, वाक र उल्टिलाई कम गर्न अदुवा भएका पेय पदार्थ, कागती हालेका जस्ता चिया आदि पिउन सकिन्छ । तर मादकपदार्थ भने प्रयोग गर्न हुँदैन । थोरै मात्रामा पनि रक्सी जन्य पदार्थले कलेजोलालई असर पुग्छ र  झन, बिरामी परिन्छ । पारासिटामोल (एसिटामिनोफेन र टाईलिनोल) तथा यो पदार्थ भएको कुनै पनि औषधि सेवन गर्न हुदैन यस्ता औषधीले संक्रमित कलेजोमा झन् हानी गर्छ । खानै परेमा ब्रुफिन (आइब्रुफिन)वा एस्पिरीन प्रयोग गर्नु पर्दछ ।

## रोकथाम

यौन सम्पर्क गर्दा सधै कण्डमको प्रयोग गर्नुपर्छ र लागु औषधि लिंदा सिरिञ्ज तथा अन्य सामाग्री रकले अर्कोको प्रयोग गर्नु हुँदैन । छालामा प्वाल पार्ने काम जस्तै ट्याटु, कान वा अन्य भागमा छेड्ने वा छाला काट्नु पर्ने बेलामा नयाँ मसी तथा निर्मलीकरण गरिएका औजारहरू प्रयोग गर्नुपर्छ । किनकी हेपाटाइटिस सी को किटाणु खुला ठाउँमा र झोल पदार्थमा ३ हप्तासम्म बाँच्न सकछ । दाँत माझ्ने ब्रस वा दाह्री काट्ने रेजर साटासाट गरेर चलाउँदा पनि हेपाटाईटिस सी सर्न सक्छ । त्यसैले यस्ता औजारहरू एकले अर्काको प्रयोग गर्नु हुन्दैन ।

हेपाटाईटिस बि बाट बच्ने खोप शिशु अवस्थामा तिनवटा लगाईन्छ । सामान्यतपा यो अन्य खोपहरूको मिश्रणमा आउँछ । गर्भवती महिलाले याो खोप लिएमा भर्गमा भैको बच्चालाई रोग लाग्दैन । ठूला केटाकेटी तथा वयस्क जसले यो खोप शिशु अवस्थामा लगाएको छैन भने पनि लिन सकिन्छ ।

# एच.आंई.भि

एच.आई.भि (ह्युमन ईम्युनो डेफिसीयनसी भाइरस) एक यौन रोग हो । जुन यौन सम्पर्क द्धारा, संक्रमित सुई द्धारा, संक्रमित रगत द्धारा एकबाट अर्कोमा सर्दछ । दैनिक सम्पर्क जस्तै हात मिलाएँदा, अंकमाल गर्दा, चुम्बन गर्दा, संगै बस्दा, खेल्दा, खाँदा, सुत्दा एक अर्कामा सर्दैन । साथै, खाना, पानी, किरा फट्याङग्रा, शौचालय, कप आदिको साटासाट गरेर प्रयोग गर्दा पनि यो सर्दैन । प्रायजसो मानिसले एच.आई.भि र एड्सलाई एउटै भन्ने सोच्दछन्, तर एड्स एक रोग हो । जुन एच.आई.भि भएको व्यक्तिले उपचार बिना बस्यो भनेपछि गएर लाग्दछ ।

शुरुमा एच.आई.भि को कुने लक्षण हुँदैन स्वास्थ देखिने र महशुस गर्ने व्यक्तिमा पनि एच.आई.भि हुन वा फैलाउन सक्दछ । पहिलो लक्षण देखिनलाई नै बर्षौ पनि लाउन सक्दछ । एच.आई.भि छ कि छैन पत्ता लगाउँने एउटै मात्र उपचार भनेको यसको परिक्षण गराउँनु हो । यो परिक्षण थुप्रै स्वास्थ्य संस्थामा न्यून शुल्क वा निःशुल्क उपलब्ध छ ।

आजकल एच.आई.भि÷एड्सको औषधि (एन्टि रेट्रोभाइरल औषधि) को थोरै मात्र प्रतिकुल असरहरु हुन्छन् । र धेरै ठाउँमा उपलब्ध छ । निको नै नभएता पनि एच.आई.भि को ओषधिले उड्स हुनबाट बचाउँछ  र मानिसले सामान्य र लामो जीवन बिताउँन सक्दछ । औषधिले शरीरमा भाईरसको मात्रा क मगर्दछ र यसले गर्दा अन्य व्यक्तिमा सर्नबाट रोकथाम गर्दछ ।

यदि आफूलाई एच.आई.भि हुने सम्भावना छ भने परिक्षण गराई हाल्नु पछृ ताकि यथाशिघ्र उपचार शुरु गर्न सकिन्छ । एच.आई.भि सम्बन्धि थाप जानकारीको लागि अध्याय एच.आई.भि र एड्स (विकास अध्याय भित्र) हेर्नुहोस् ।




**एच.आई.भि को अन्त्य तब हुन्छ जब संक्रमित व्यक्तिलाई पनि सामान्य मानिस जस्तै व्यवहार गरिन्छ र यसको औषधि सर्वसुलभ हुन्छ ।**

# यौन संक्रमणबाट निको हुन के गर्ने ?

यौन संक्रमणको उपचार जति छिटो शुरु भयो त्यति छिटो निको हुन्छ । तर दिईएको ओषधि सबै नसिदिकनै आफूलाई निको भएको लागे पनि सबै औषधि खानुपर्छ । निको हुनु अगाडी यौन संक्रमणले गर्दा हुने समस्याहरू कम गर्न निम्न उपाय गर्न सकिन्छः



योनीमा चिलाउने वाा घाउहरू छन् भने दिनको दुई पटक बाटामा सफा मनतातो पानी राखेर ५ मिनेटसम्म बस्नुहोस । यदि ढुसी जस्तो संक्रमण छ भने पाानीमा थोरै कागतीको रस, भिनेगर (सिरका) चिनी नभएको दही, अमिलिएको दुध थप्न सकिन्छ ।

योनीमा दुख्ने खालको घाउ वा हरपेस भएको छ भने यी उपचारहरू अपनाएर हेर्नुहोस् ।

- सफा कपडामा बरफ पाको पार्नुहोस् । घाउ भएको थाहा पाउने बित्तिकै बरफले २० मिनेटसम्म सेक्नुहोस् ।
- चिसो भएको कालो चियामा चोपेर कपडालाई घाउको माथि सेक्नुहोस् । एल्मुनियम एसिटेटको घोलले सेक्दा पनि सन्चो हुन्छ ।
- बाटामा सफा चिसो पानी राखेर बसनुहोस् ।



यदि योनिमा घाउ छ र पिसाब गर्दा पोल्छ भने, पिसाब गर्दा सफा चिसो पानी योनीमा खनाउनुहोस् । अथवा पिसाब गर्दा बाटामा चिसो पानी राखेर बस्नुहोस् ।

दुखेको छ भने ब्रुफिन, एस्पिरीन, पारासिटामोल जस्ता दुखाईका औषधि खानुहोस् ।



खुकुलो खालको भित्री लुगाहरू लगाउने जसले गर्दा हावा पस्न पाउँछ र यसले निको पार्न सहयोग गर्छ ।

निको नभएसम्म यौनसम्पर्क नगर्नुहोस् र गर्ने पर्ने भएमा कण्डममा चिल्लो पदार्थ लागएर गर्नुहोस् ।

# गर्भावस्था र यौन संक्रमण



यदि गर्भवती महिलामा यौन संक्रमण छ भने त्यो आमाको रगतद्धारा र आमाको दुधबाट बच्चामा सर्न सक्छ ।

उपचार गरिएन वा नियन्त्रण गरिएन भने यौन संक्रमणले आमा तथा बच्चा दुबैलाई असर गर्नसक्छ । बच्चा छिटै जन्मिन सक्छ वा सानो पनि जन्मिन सक्छ, र जन्मिदै बिमारी वा पछि बिरामी हुन पनि सक्छन् । यौन रोगको परिक्षण् गराउनाले सही उपचार समयमा नै लिन सहयोग गर्छ वा कुनै संक्रमण छैन भने ढुक्क हुन सहयोग गर्छ । उपचारले आमा र बच्चालाई निको पार्छ । महिलाको यौन साथीलाई पनि निको पार्न सक्छ ।

## गनोरिया र क्लामाईडिया

गनोरिया र क्लामाईडिया दुबै जन्मिने क्रममा बच्चालाई सर्न सक्छ र आँखामा संक्रमण, अन्धोपन वा फोक्सोमा पनि संक्रमण हुन सक्छ । अन्धोपन र आखाँको संक्रमणबाट जोगाउन बच्चालाई जन्मने बित्तिकै ईराईथ्रोमाईसिन मलम आँखामा लगाइदिनु पर्छ (नवजात शिशु र स्तानपान पाना २७ हेर्नुहोस् ।

## सिफिलिस (भिरीङ्गी)

बच्चा पेटमा हुँदा आमाबाट यो सिफिलीस बच्चामा सर्न सक्छ जसले गर्दा बच्चा महिना नपुगी जन्मने, अपाङ्ग जन्मने वा मृत्यु समेत हुन सक्छ ।

## हरपेस

योनिमा हरपेसको घाउहरु छ भने बच्चा जन्मिदा बच्चामा सर्न सक्छ । यदि भर्खरै हरपेसको निदान भएको छ वा घाउहरु छ भने, अस्पतालमा नै बच्चा जन्माउनु ठीक हुन्छ ।

त्यहाँ शल्यक्रिया द्धारा बच्चा निकाल्न सकिन्छ र बच्चालाई जन्मेपछि उपचार गर्न सकिन्छ ।

## मुसा

सामान्यतया मुसा बच्चामा सर्दैन तर गर्भवती बेलामा अप्ठ्यारो बनाउन सक्छ । मुसालाई तुरुन्त उपतार गर्नुहोस् (पाना ४० र ४१ हेर्नुहोस् बच्चा जन्मिसके पछि उपचार गर्नुहोस् अथवा बच्चा गर्नुहोस् बच्चा जन्मिने क्रममा मुसाबाट रगत बग्न सक्छ त्यसैले स्वास्थ्यकर्मीसंग असपतालमा नै बच्चा जन्माउने बारेमा छलफल गर्नुहोस् ।



### ‘हेपााटाइटिस बि’

यदि भर्ववती महिलामा हेपाटाइटिस बि छ भने बच्चामा सर्नसक्छ । बच्चालाई जन्मिने बित्तिकै हेपबि (HEPB) खोप लगाउनु पछृ र हेपाटायटिस बि को रोकथामको लागि अन्य उपचार पनि गर्नुपर्छ ।

### एच.आइ.भी.

गर्भावस्थामा एच.आई.भी को परिक्षण गर्नाले समयमा नै बच्चालाई रोग सर्नबाट रोकथाम गर्न सकिन्छ ।

एच.आईं.भी को परिक्षण गर्नाले समयमा नै बच्चालाई रोग सर्नबाट रोकथाम पनि गर्न सकिन्छ । एच.आई.भी को औषधिले आमा र बच्चा दुबैलालई सुरक्षित राख्छ ।

# यौन सम्पर्कबाट हुन सक्ने संक्रमनको रोकथाम

यौन संक्रमण एक व्यक्तिबाट अर्कोमा यौन सम्पर्कको माध्यमबाट सर्छ । योनिरस, पुरुषको यौनाङ्ग मलद्धार वा मुख छालाको सम्पर्कमा आएमा यो सर्छ । यौन संक्रमण जसलाई पनि हुनसक्छ । तर सुरक्षित यौन सम्पर्क गरेमा, संक्रमणलालई उपचार गरेमा र यौन संक्रमण हुने वातावरणलाई परिवर्तन गरेमा यो फैलने सम्भावना न्यून रहन्छ ।

निम्न कुराहरू भएमा यौन संक्रमण हुने संभावना धेरे हुन्छ :


- यौन साथीमा यौन संक्रमणको लक्षणहरु छन् भने आफूमा कुनै लक्षण नभएतापनि यौन रोग भैसकेको वा हुनसक्ने सम्भावना हुन्छ ।
- एक भन्दा धेरै योन साथी छने भने
- आफ्नो नयाँ योन साथीले आफ्नो पहिलेको योन साथीबाट संक्रमण लिएर आएको छ भने
- आफ्नो यौन साथीको अन्य यौन साथी जस्लाई संक्रमण हुने सम्भावना छ भने ।
- कण्डमको प्रयोग गरेन भने
- संक्रमित सुई साटासाट गरेर प्रयोग गरेमा वा त्यस्ता व्यत्तिसंग यौन सम्पर्क गरेमा

यौन संक्रमण हुने सम्भावना छ भने समय समयमा परिक्षण गर्नुपर्छ । महिला वा पुरुष जस्को एकभन्दा धेरैसंग असुरक्षित यौन सम्पकृ हुन्छ, जसको यौन साथी अनय व्यक्तिसंग पनि यौन सम्पर्क राख्छ वा सुइबाट लागु औषधि लिन्छ भने प्रत्येक ६ देखि १२ महिनामा यौन संक्रमणको परिक्षण गर्नु राम्रो हुन्छ ।

# महिला धेरै जोखिममा हुन्छन् ।

निम्न अवस्था भएका समुदायहमा महिलालाई यौन संक्रमणबाट बच्न धेरै अवरोधको सामना गर्नुपर्दछ :

- बालविवाह प्रचलित ठाउँमा
- महिलाले यौन स्वास्थ्य शिक्षा र सेवा नलिने ठाउँमा
- पुरुषको एकभन्दा धेरै जना संग यौन सम्पर्क हुनु सामान्य हुने ठाउँमा
- महिलाको शिक्षामा पहुँच छैन भने
- यौन हिंसा र यसको रोकथामको बारेमा कुरा हुँदैन भने
- महिलाले यौन सम्पर्कको लागि अस्वीकार गर्नु गाह्रो या खतरा जन्य छ भने
- यौन व्यापार अपराधिक हो भने
- सामान्य भएतापनि यौन र यौनिकताको बारेमा खुला रुपमा कुरा नगर्ने र लज्जास्पद विषय मानिने ठाउँमा






# सुरक्षित यौन सम्पर्क


सुरक्षित यौन सम्पर्क भनेको के हो र यौन सम्पर्कलाई आफ्नो लागि सुरक्षित कसरी बनाउने ? यो सजिलो नहुन सक्छ तर प्रायजसो कुनै न कुनै उपाय अपनाउन सकिन्छ । सुरक्षित यौन सम्पर्क गर्नाले यौन संक्रमण हुनबाट बच्न सकिन्छ र फैलन नदिन सकिन्छ ।

सुरक्षित यौन सम्पर्कको लागि निम्न उपायहरू गर्न सकिन्छ :

- **यौन सम्पर्क नराख्ने** । यसलार्य ब्रम्हचार्य पनि भनिन्छ । यौन सम्पर्क गरेन भने यौन संक्रमण हुँदेन । थोरै समयको लागि यो जसले पनि गर्न सक्छ तर प्राय जसो मान्छेले यो जीवनभरको लागि चाहँदैनन् ।
- **एकैजनासंग मात्र यौन सम्पर्क राख्ने** । आफूसंग मत्र सम्पर्क गर्ने व्यत्तिसंग यौन सम्पर्क राख्ने । दुबै जनामा यौन संक्रमण छैन भनेर ढुक्क हुनको लागि रगत परिक्षण गराउने पदैछ । एक अर्कामा वफादार भएमा र यौन संक्रमण हुन सक्ने माधयमबाट टाढै रहेमा सुरक्षित रहन सकिन्छ ।
- **यौन संक्रमणको लक्षण भएका व्यत्तिसंग यौन सम्पर्क नगर्ने** । यौन सम्पर्क गर्नुभन्दा अगाडी परिक्षण गर्न लगाउने र उपचार गर्न लगाउँने । परिक्षण नगरेसम्म कसलालई यौन संक्रमण छ र छैन भन्ने यकिन गर्न मुश्किल हुन्छ । मानिसमा लक्षण नै छैन भने पनि यौन संक्रमण सर्न सक्छ ।
- **योनि र मलद्धारमा प्रवेश नगर्ने गरि यौन सम्पर्क गर्ने** । आनन्द लिने विभिन्न तरिकाहरू गर्न सकिन्छ, जस्तैः चुम्बन गर्नु, शरीरका विभिन्न भाग माड्नु वा सुमसुम्याउनु, एक अर्काको यौनाङ्ग हातले छुनु (एकअर्काको हस्त मैथुन) वा मुखमा यौन सम्पर्क गर्नु ।
- **हरेक पटक कण्डमको प्रयोग गर्नु** हरेक पटक यौन साथीको यौनाङ्गले आफ्नो यौनाङ्गमा छुनुभन्दा अगाडी कण्डम प्रयोग गरे बेस । नेपालमा महिला कन्डम लोकप्रिय छैन । गर्भवती हुने उद्देश्य हुदाँ मात्र कण्डम नलगाई सम्पर्क गर्नुपर्छ ।



चुम्बन गर्नु सुरक्षित हुन्छ



छुनु सुरक्षित हुन्छ



मुखमा यौन सम्पर्क गर्नु सुरक्षित हुँदैन तर कण्डमको प्रयोगले सुरक्षित हुन्छ ।



योनिमा सम्पर्क गनृ जोखिमपूर्ण हुन्छ तर कण्डमको प्योगले सुरक्षित हुन्छ ।

# यौन साथीसंग यौन सम्बन्धि कुरा गर्दा

प्रायजसो मान्छेहरूलाई आफ्नै यौन साथीसंग समेत यौनको बारेमा कुरा गर्न गाह्रो त हुन्छ तर छलफल गर्नैपर्छ । यौन संक्रमणबाट बच्न यस्तो छलफल गर्न सकिन्छ ।

- यौन संम्पर्कको चाहाना राख्दा सुरक्षित यौन सम्पर्क बारे छलफल गर्ने । एक अर्कासंग मात्र यौन साथी हो भने पनि सुरक्षित यौन सम्पर्क नै राम्रो हुन्छ ।
- अनिश्चित गर्भ कसरी रोक्ने भन्ने छलफल गर्ने ।
- आफ्नो श्रीमान (यौन साथी)संग कण्डमले यौन संक्रमण हुन दिंदैन र गर्भ रहनबाट जोगाउँछ भन्ने बारेमा छलफल गर्न सकिन्छ ।
- शारीरिक सम्पर्क गर्ने बेलासम्म मात्र यौनको कुरा गर्ने होइन । दुबैजना आराम गरिरहेको बेला, काम गरिरहेको बेला पनि कुरा गर्न सकिन्छ । भर्खर बच्चा जन्माएको वा यौन संक्रमणको उपचार भैरहेकोले बेला यसको बारेमा कुरा गर्न सकिन्छ । यदि यौन साथी टाढा छ वा यात्रामा गईरहनु पर्छ भने, एक अर्कासंग यौन स्वास्थ्य कसरी सुरक्षित राख्ने छलफल गर्नुपर्छ ।
- सुरक्षित यौन सम्पर्कको बारेमा सिक्नुपर्छ । यौन संक्रमणको बारेमा धेरै थाहा नभएकालाई कसरी सर्छ, स्वास्थ्यमा के असर गर्छ भन्ने जानकारी भए असुरक्षित यौन सम्पर्कको जोखिमहरुको बारेमा पनि बुझेर सुरक्षित यौन सम्पर्कको बारेमा बुझ्न सहयोग गर्छ ।



# उपचार तथा रोकथाम

जति छिटो उपचार गर्यो प्रायजसो यौन संक्रमण त्यति चाँडै निको हुन्छ । घरी घरी यौन संक्रमण भएमा एच.आई.भी हुने सम्भावना बढ्छ । तर उपचार पछि यौन संक्रमण फैलने सम्भावना कम हुन्छ ।

तुरुन्तै उपचार गर्नुहोस् । स्वास्थ्यकर्मीले आफ्नो समुदायमा कसलाई समस्या छ, उपचारको लागि को आउँछ कि आउँदैन थाहा भए राम्रो हुन्छ ।

**यौन साथीको पनि उपचार गर्नुहोस्** । आफूलाई यौन संक्रमण भएको थाहा पाउने बित्तिकै आफ्नो सम्पर्क भएका अन्य यौन साथीलाई पनि परिक्षण तथा उपचार गर्नुपर्दछ । आफ्नो यौन साथीलाई परिक्षण, उपचार गरेर निको नभएसम्म कसैसंग यौन सम्पर्क नगर्न भन्नुपर्छ ।

गर्भवती महिलालाई यथाशिघ्र उपचार गर्नाले बच्चालाई यो रोग सर्दैन र यसबाट हुने असरबाट बचाउँन सकिन्छ ।

## यौन रोगको रोकथामाको लागि केहि औषधिहरू

सम्पर्कपछिको रोकथाम (पोष्ट एक्सपोजर प्रोफाईलेक्स)भनेको एच.आइ.भी को औषधि (एन्टि रेट्रोभाईरल थेरापी)रोकथामको लागि प्रयोग गरिने एक विधि हो । कुनै व्यक्ति विभिन्न कारणले गर्दा (बलात्कार, कण्डम बिनाको यौन सम्पर्क)एच.आई.भी को सम्पर्कमा आएमा यथाशिघ्र (३ दिन भित्रमा)एच.आई.भी को औषधि प्रयोग गरेमा यो रोग लाग्न पाउँदैन । यसलाई सम्पर्क पूर्वको रोकथाम (प्रि स्क्सपोजर प्रोफाईलिक्स)भनिन्छ ।

यौन संक्रमणको जाँच, परिक्षण तथा उपचार सबै स्वास्थ्य संस्थाको जिम्मेवारी हुन्छ ।

स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन, गर्भवती महिला जाँच र अन्य सेवा संगै यौन संक्रमणको परिक्षण तथा उपचार भए तब मात्र यो सबैलाई सर्बसुलभ हुन्छ । सबैलाई तर विशेषत युवाहरुलाई सर्बसुलभ सस्तो र स–सम्मान सेवाहरु चाहिन्छ । विभिन्न ठाउँहरु जस्तै, विद्यालय वा विशेष मेलाहरु, नृत्य घर, मदिरा पसल, वा कुनै त्यस्तो ठाउँमा पनि यसको जानकारी दिन सकिन्छ । स्वास्थ्य संस्थामा जाँच तथा परिक्षणको सेवा दिनु पर्दछ ।जहाँ मानिसहरु धेरै जान्छन् त्यहाँ यौन संक्रमणको बारेमा जानकारी र उपचार सेवा दिनु राम्रो हुन्छ ।


## यौन संक्रमणको रोकथाम तथा उपचारमा स्वास्थ्यकर्मीको भूमिका

स्वास्थ्यकर्मीले यौनको बारेमा छलफल गर्दा सहज भएर कुरा गर्नुपर्छ । गुप्ताङ्गमा केही भयो भने जो पनि चिन्तित हुन्छन् । यस्तो बेला प्रायजसो मानिस जँचाउन पनि अप्ठेरो मान्दछन् । त्यसैले समस्या यौनसंग सम्बन्धित समस्या भएका मानिससँग राम्रोसँग कुरा गर्नुपर्छ । उपचार गर्दा जिस्किने गर्नुहुदैन । यसो भए उनीहरूले सहज महशुस गर्छन् र उपचारको लागि आउँछन् । स्वास्थ्यकर्मीले राम्रो व्यवहार गरे लाजले उपचार गर्न नआउनेलाई पनि स्वास्थ्य चौकी जान सहयोग गर्छ ।

**स्वास्थ्य सम्बन्धी जानकारी व्यक्तिगत हो** । यदि हुनै व्यक्ति स्वास्थ्य सेवा लिन आएको छ भने उसले दिएको जानकारी गोप्य राख्नुपर्छ किनभने गोपनियता भंग भयो भने सेवाग्राही फेरी फर्केर आउँदैनन् ।

**बिरामीको आलोचना गर्नुहुदैन** । बिरामीले सोधेको प्रश्नको सही जवाफ, परिक्षण, र औषधिले नै रोग निको पार्छ । यदि स्वास्थ्यचौकीमा यौन संक्रमणको उपचार गर्न सकिएन भने अस्पतालमा गएर डाक्टर भेट्न र औषधी प्राप्त गर्न पनि सकिन्छ । स्वास्थ्यकर्मीले सहायता गर्नुपर्छ ।

**मानिसको यौनिकतालाई सम्मान गर्नुपर्छ** । सबैले याद राख्नुपर्छ कि उपचार गरेको समलिंगी (महिला वा पुरुष) बहुलिंगी पनि हुन सक्दछन् । उनीहरूले आफ्नो यौनिकता झल्काउने विभिन्न शब्दहरू जस्तै महिला, पुरुष वा आफ्नो लैङ्गिकता सम्बन्धि अन्य शब्द पनि प्रयोग गरे सहजै स्वीकार्नुपर्छ । जाँच गर्ने क्रममा आफूले सोचे जस्तो गुप्ताङ्ग छैन भने पनि स्वास्थ्यकर्मीले केही नभनी रोगलाई कसरी निको पार्नेमा केन्द्रित हुनुपर्छ । उनीहरू चाहन्छन् भने मात्र यौनिकताको बारेमा कुरा गर्न सकिन्छ ।



**युवाहरूको उपचार यौन संक्रमण युवा महिलाहरूको एक ठूलो समस्या हो** । युवाहरू प्राय आफ्नै उमेरका मान्छे वा जसले उनको योजना र चाहनाहरू बुझ्दछन् उनीहरू संगै कुरा गर्न मन पराउँछन् । कति युवाले आफ्नो परिवारमा नै यौनका कुरा गर्न सक्दैनन् । यस्तो बेलामा युवाहरूलाई विभिन्न भेला हुने ठाउँ प्रदान गरेर सहयोग गर्न सकिन्छ । यो ठाउँ सुरक्षित हुनुपर्छ । यस्तो ठाउँमा उनीहरूले स्वास्थ्य, यौन, यौन सम्बन्धी स्वास्थ्य सेवा र अन्य जिज्ञासाको बारेमा सही जानकारी पाउन सक्छन् ।

**सबैले यौन सम्बन्ध राख्दछन्** । स्वास्थ्यकर्मीले यौनरोग लागेका मानिसहरू प्रति नराम्रो धारणा नबनाउने उनीहरूलाई तुरुन्त उपचार गर्ने, सुरक्षित यौन सम्पर्कको लागि सहयोग गर्नुपर्छ ।

**स्वास्थ्य सेवालाई अझैं युवा मैत्री बनाउँन :**


- युवाहरू बढी जसो जाने ठाउँहरूमा स्वास्थ्य सेवा उपलब्ध गराउनुहोस् । जस्तै, विद्यालय, बजार, समुदायिक केन्द्रहरु
- "युवा मात्र" भन्ने समय राख्नुहोस् । जुन दिउँसो, साँझ वा शनिवारको दिन हुन सक्छ ।
- युवाहरूलाई विश्वास दिलाउनुहोस् कि उनीहरूलाई स–सम्मान उपचार गरिन्छ, गोपनियता राखिन्छ ।
- परामर्शका लागि साथी शिक्षकलाई तालिम दिनुहोस् ।



# यौन संक्रमण प्रतिको लाज र लाञ्छनाको अन्त्य गर्न ।

स्वास्थ्यचौकीमा कण्डमको प्रयोगबारे जानकारी दिन सकिन्छ । स्वास्थ्यचौकीमा यो निशुल्क पाईन्छ ।

**समुदायसंग सहकार्य गर्नुहोस्** । यौन स्वास्थ्यको बारेमा कुरा गरेर जानकारी दिनुपर्छ । मानिसले खुला रुपमा यौनको बारेमा कुरा गर्दा जानकारी, स्वास्थ्य सुविधा (कण्डम, परिक्षण सेवा र उपचार सेवा) उपलब्ध भयो भने यौन संक्रमणको रोकथाम गर्न धेरै सजिलो हुन्छ । हेस्पेरियन महिला स्वास्थ्यमा यस सम्बन्धी कुराकानी शुरु गर्ने विभिन्न क्रियाकलाप र उपायहरु छन् ।




तर जहाँ मानिसहरुलाई यौन लाज लाग्ने कुरा हो भनेर सिकाइन्छ, त्यहाँ यौन रोगको सेवा लिन गाह्रो हुन्छ । समलिंगी जोडी (महिला जोडीवा पुरुष जोडी)लाई भेदभाव गरिए भने उनीहरुलाई पनि परिक्षणको बारेमा कुरा गर्न गाह्रो हुन्छ र स्वास्थ्यकर्मी कहाँ जँचाउन पनि गाह्रो हुन्छ ।

लागु औषध लिने, वा गरिब, दलित आदिलाई भेदभाव गरियो भने समुदायमा यौन संक्रमणको रोकथाम गर्न निकै गाह्रो हुन्छ ।

यस्तो बेलामा स्वास्थ्य संस्थाहरुले यौन संक्रमणको परिक्षण र उपचार सेवा नियमित सबैलाई दिएर यस्तो भेदभाव कम गर्न सक्छन् ।

यौनरोगको दिर्घकालीन रोकथामका लागि, समान सामाजिक र आर्थिक समुदायलाई विकास गर्नुपर्दछ । रोजगारीको लागि मान्छे परिवारसंग छुट्टिएर बस्न नपरे,पेट पाल्नको लागि शरीर बेच्नु नपरे युवाहरुलाई शिक्षाको व्यवस्था छ भने समुदायमा स्वतः यौन संक्रमणहरु कम हुने संभावना बढ्छ ।

# यौन प्रसारित संक्रमण (यौन रोग) उपचार विधि

यौन प्रसारित  रोगको लागि एन्टिबायोटिकको प्रयोग गरिन्छ  । साथै दुखाइ कम गर्ने औषधि र ढुसी संक्रमणको लागि पनि औषधि प्रयोग गरिन्छ । जनै खटिरा  पूर्ण रुपमा निको पार्न नसके पनि फैलनबाट रोक्न सकिन्छ ।

एन्टिबायोटिकले संक्रमण रोग  विभिन्न संक्रमणको लागि  विभिन्न थरिका एन्टिबायोटिक प्रयोग गरिन्छ । कुन–कुन थरिका एन्टिबायोटिक छन् भन्ने जान्न जरुरी छ ।

१. एन्टिबायोटिकले विभिन्न थरिका संक्रमण निको पार्छ

२. यदि कुनै एन्टिबायोटिकमा एलर्जी छ भने  त्यही परिवारको अर्को एन्टिबायोटिकको पनि एलर्जी हुन्छ । अर्को थरिको एन्टिबायोटिक प्रयोग  गर्नु पर्छ ।

एन्टिबायोटिक औषधि पूर्ण मात्रामा दिनुपर्छ । यो प्रयोग गरेको केही दिन पछि लक्षणहरु कम हुन्छन् । तर यो बेलामा औषधि रोक्नु हुन्न, संक्रमण फर्किन्छ । यदि यसको नराम्रो असर  जस्तै पखाला, छालामा घाउ भएमा औषधि तुरुन्त बन्द गर्नुपर्छ  र स्वास्थ्यकर्मिलाई भेट्नु पर्छ ।

## एमोक्सिसिलीन

यो पेनिसिलीन समूहको औषधि हो ।  यो धेरै थरिका यौन रोगको उपचारको लागि प्रयोग गरिन्छ । तर अहिले यसको प्रयोगले गर्दा र यौन रोगको उपचार गर्दा यसको असर  कम भएको छ ।

### नराम्रा असरहरु 

पखाला, छालामा घाउ, वान्ता हुनु । गर्भवती महिलालाई यौन अंगमा  ढुसी आदि ।

### बुझ्नु पर्ने कुरा ⚠

यदि कसैलाई पेनिसिलिनमा  एलर्जी भए यो औषधि प्रयोग गर्नु हुँदैन । यदि यो औषधि प्रयोग गरेपछि ३ दिनमा सुधार भएन भने  अर्को औषधि प्रयोग गर्नुपर्छ ।

### कसरी प्रयोग गर्ने ? 

खानासंग खाने ।

**पुठ्ठाको संक्रमणको लागिः**

➡ पुठ्ठाको संक्रमणको लागि मुखबाट ५०० मि.ग्रा. चक्कि दिनमा ३ चोटी १४ दिनसम्म दिनुपर्छ । तर अहिले एकोक्सिसिलीन भन्दा तल दिइएको अन्य औषधि दिइन्छ ।

# Azithromycin

यो एक एन्टिबायोटिक हो, यो यौन रोग उपचारको साथै अन्य संक्रमणको लागि प्रयोग गरिन्छ । यो गर्भवती र दूधखाने महिलाको लागि पनि सुरक्षित छ ।

## केहि असरहरू 

वाकवाक लाग्नु, पखाला लाग्नु, वान्ता हुनु, पेट दुख्नु ।

## महत्वपूर्ण कुरा ⚠

यदि कसैलाई एलर्जि भयो भने तुरुन्त यसको प्रयोग बन्द गर्नुपर्छ ।

## कसरी प्रयोग गर्ने ? 

**विभिन्न यौन रोगको लागि**

➡ एकग्राम (१००० मि.ग्रा) एक चोटी मात्रै । भिरङ्गीको लागि पनि प्रयोग गर्न सकिन्छ ।

**पुठ्ठाको संक्रमण**

➡ एकैचोटी एक ग्राम (१००० मि.ग्रा) खान दिने । एक हप्ता पछि फेरी औषधि १००० मि.ग्रा दिने । साथै ceftriaxone वा spectinomycin दिन ।।

# बेन्जाथिन पेनिसिलीन

यो एन्टिबायोटिकले भिरङ्गीको उपचार गरिन्छ । माशंपेशीमा र सुईबाट मात्र दिइन्छ ।

## ध्यान दिने ⚠

पेनिसिलीनमा एलर्जी छ भने यो प्रयोग गर्नुहुँदैन । एलर्जी भयो भने epinephrine दिनुपर्छ ।

छालामा एलर्जी भयो भने पेनिसिलिन सुई दिएको ३० मिनेट भित्र शुरु हुन सक्छ ।

## कसरी प्रयोग गर्ने ? 

यो सुई द्धारा द्वारा दिइन्छ । दुखाइ कम होस भनेर lidocaine संग प्रयोग गर्न सकिन्छ ।

**सिफलिस**

➡ एन्टिबायोटिकको आविस्कार हुनु भन्दा अघि सिफलिस रोग लागेपछि अन्तिम चरणमा मस्तिष्कका कोषहरू पनि संक्रमित हुन्थे । तर अहिले त्यस्तो समस्या छैन तर यदि जाँच गर्दा सिफलिस भएको दुइ वर्ष भन्दा बढी भएको छ भने २४ लाख युनिट पेनसिलीन हप्तामा एक चोटी ३ हप्तासम्म दिनुपर्छ । यसको लागि बिरामीलाई जाँच गर्नको लागि प्रेरित गरेर, अनुभवी स्वास्थ्य कर्मिद्धारा उपचार गराउनु पर्छ ।

## Cefixime

यो एन्टिबायोटिकले  विभिन्न संक्रमण रोक्नुका साथै भिरङ्गीको उपचारको लागि पनि प्रयोग  गरिन्छ ।

### यसको नराम्रो असर

पेट गडबड गर्ने, टाउको दुख्ने गराउन सक्छ ।

### महत्वपूर्ण कुरा ⚠

यदि कसैलाई एलर्जी छ भने यो प्रयोग गर्नुहुँदैन ।

कलेजोको समस्या भएकाहरुले त यो औषधि प्रयोग गर्दा डाक्टरसंग सल्लाह लिनुपर्छ ।

### कसरी प्रयोग गर्ने ?

➡ भिरीङ्गिको लागि ४०० ग्राम मुखबाट दिनुपर्छ साथै एजिथ्रोमाइसिन दिनुपर्छ ।

## Ciprofloxacins

यो पनि  विभिन्न संक्रमणको लागि प्रयोग गरिन्छ ।

### नराम्रो असर

पेट गडबड हुने, टाउको दुख्ने, वान्ता हुने हुन सक्छ ।

### महत्वपूर्ण कुरा ⚠

गर्भवती र दूध चुसाउने महिलाले र १६ वर्ष मुनिकाले यो प्रयोग गर्नुहुँदैन ।

यो खाँदा दूध र दूधले बनेको खाना खानु हुँदैन ।

### कसरी प्रयोग गर्ने ?

यो पानीसंग खानुपर्छ ।

➡ Chancroid को लागि दिनको दुइ चोटी ३ दिनसम्म दिनु पर्छ । ५०० मि.ग्रा हरेक बिहान बेलुका ३ दिनसम्म दिने यदि एच.आइ.भी को बिरामी भए ७ दिनसम्म दिनुपर्छ ।

# Doxycycline

यो टेट्रासाइक्लिन परिवारको औषधि हो ।

विभिन्न यौन रोग संक्रमणमा उपचार गर्न प्रयोग गरिन्छ । यो प्रयोग गर्न सजिलो छ।

## नराम्रा असरहरु

बारम्बार पखाला लाग्न सक्छ । यो प्रयोग गरेपछि घाममा धेरै बेर बस्दा छालामा डाबर आउन सक्छ ।

## महत्वपूर्ण कुरा ⚠

टेट्रासाइक्लिनमा  एलर्जी हुने मानिसले प्रयोग गर्नुहुंदैन ।

गर्भवती महिला र दूध  खुवाउने महिलाले प्रयोग गर्नुहुँदैन ।

## कसरी प्रयोग गर्ने ?

यो खाँदा दूध, आइरन, एन्टासिड चक्कि दुइ घण्टा  पछि मात्र खानुपर्छ र धेरै पानी पिउनु पर्छ ।

**gonorrhea र chlamydia को लागि**

➡ दिनको दुइ चोटी १०० मि.ग्राम ७ दिनसम्म खानुपर्छ । साथै कुनै  अर्को औषधि पनि जरुरत पर्छ ।

**सिफलिस भएको लागि**

➡ १०० ग्राम मुखबाट दिनको दुइ चोटी १४ दिनसम्म । सिफलिसको लागि बेनजाथिन पेनिसिलिन दिनु राम्रो हुन्छ । तर एलर्जी छ भने प्रयोग गर्नु हुँदैन ।

**पुठ्ठाको संक्रमणको लागि**

➡ दिनमा दुइ चोटी १०० मि.ग्रा ४ दिनका लागि । साथै ceftriaxone वा spectinomycin पनि दिनु पर्छ ।

# Erythromycin

यसले धेरै रोग र संक्रमण ठिक गर्छ । यो गर्भावस्थामा पनि प्रयोग गर्न सकिन्छ । तर अहिले कतिपय संक्रमणको लागि काम लाग्दैन ।

गर्भावस्थामा पनि यो प्रयोग गर्न सकिन्छ ।

## नराम्रो असरहरु

पेट गडबड पखाला, वाकवाक लाग्ने ।

## महत्वपूर्ण कुरा ⚠

एलर्जी हुने मानिसले प्रयोग गर्नु हुँदैन ।

## कसरी प्रयोग गर्ने ?

खाना खानु भन्दा एक दुइ घण्टा अघि प्रयोग गर्नुपर्छ । यदि पेट गडबड भयो भने  अलिकति केही खान सकिन्छ । तर यसको ट्याबलेट भाँचेर खानु हुँदैन ।

**chlamydia को लागि**

- ५०० मि.ग्रा दिनको ४ चोटी ७ दिन सम्म

**chancroid को लागि**

- चेनक्रोइडको (chancroid) लागि ५०० मि.ग्रा दिनको ४ चोटी ७ दिन सम्म ।
- (Syphilis) सिफलिसको लागि ५०० मि.ग्रा दिनको ४ चोटी १५ दिन सम्म । तर यसको लागि त पेनिसिलीन प्रयोग गर्नु राम्रो हुन्छ । तर एलर्जी छ भने प्रयोग गर्न हुँदैन ।

**पुठ्ठाको संक्रमणको लागि**

- ५०० मि.ग्रा १४ दिनसम्म साथै सेफ्ट्रीयाक्जन र स्पेक्टिनोमिसिन पनि प्रयोग गर्नु पर्छ

# मेट्रोनिडाजोल

यो विभिन्न संक्रमणको लागि प्रयोग गरिन्छ । योनिमा ढुँसी संक्रमणको साथै पुठ्ठामा संक्रमणको लागि प्रयोग गरिन्छ ।

## नराम्रो प्रभाव

मुखमा नमीठो स्वाद, टाउको दुख्ने, वाकवाक आउने ।

## ध्यान दिनुपर्ने कुरा

कलेजोमा समस्या वा कमलपित्त भएको छ भने यो औषधि प्रयोग नगर्ने ।

यो खाँदा जाँड रक्सि खानु हुँदैन ।

## कसरी प्रयोग गर्ने

यो योनीमा घुसाउने वा मुखले पनि खान सकिन्छ ।

**bacterial vaginosis / trichomonas :**

- को लागि एकैचोटी २००० मि.ग्रा.को दिने ।
  **वा**
  ५०० मि.ग्रा दिनको दुइ चोटी ७ दिनसम्म खाने ।

**पुठ्ठाको संक्रमणको लागि**

- ४०० मि.ग्रा देखि ५०० मि.ग्रा दिनको ३ चोटी १४ दिनसम्म खाने ।

# Spectinomycin

यो पनि पुठ्ठाको संक्रमण र यौन रोगको लागि प्रयोग गरिन्छ । विशेष गरी पेनिसिलिनमा एलर्जी हुने व्यक्तिको लागि काम लाग्छ ।

## नराम्रा असरहरू

सुई लगाएको ठाउँमा  दुख्छ, रिंगटा लाग्ने, वाकवाक हुने हुन्छ ।

## कसरी प्रयोग गर्ने ?

२ ग्रामको सुई दिइन्छ ।

**यौन रोग वा पुठ्ठाको संक्रमणको लागि ।**

➡ २ ग्राम (२००० मि.ग्रा) मांशपेशीमा एकचोटी मात्र दिइन्छ ।

पुठ्ठाको संक्रमणको लागि डक्सिसाइक्लिन पनि दिनुपर्छ ।

# Tetracycline

यो धेरै संक्रमणको लागि काम लाग्छ ।  डक्सिसाइक्लिन पनि सस्तो र सजिलै प्रयोग गर्न सकिन्छ ।

## नराम्रा असर

घाममा बस्दा छालामा डाबर आउन सक्छ । पखाला हुने, पेट गडबड हुने हुन सक्छ ।

## महत्वपूर्ण

यदि एलर्जी छ भने प्रयोग गर्न हुँदैन । साथै गर्भवती र दूध  खुवाउने महिलाले प्रयोग गर्न हुँदैन ।

यो खाँदा २ घण्टा अघि र पछि दही, आइरन चक्कि र  एन्टासिड प्रयोग गर्नु हुँदैन ।

## नराम्रा असरहरू

यो खाँदा २ घण्टा अघि र पछि दही, आइरन चक्कि र  एन्टासिड प्रयोग गर्नु हुँदैन ।

**chlamydia** लागि

➡ ५०० मि.ग्रा दिनको ४ चोटी ७ दिनसम्म खाने ।

# Tinidazole

यो पनि योनिको संक्रमणका लागि प्रयोग गरिन्छ ।

## नराम्रा असर

मुखमा नमिठो स्वाद, पेट दुखाइ, पखाला ।

## महत्वपूर्ण

गर्भवती महिलाले प्रयोग गर्नु  हुँदैन ।

यो प्रयोग गर्दा रक्सी खानु हुँदैन । वाकवाक गराउँछ ।

## कसरी प्रयोग गर्ने ?

खाएपछि एक गिलास पानी पिउने ।

**Bacterial vaginosis / Trichomonas:**

योनिमा भएका संक्रमणका लागि ।

➡ २ ग्राम (२००० मि.ग्रा) एकैचोटी खाने ।

**वा**

५०० मि. ग्रा दिनको दुई चोटि छ दिन सम्म खाने ।

बिरामीको साथै उसको यौन जोडिलाई पनि उपचार गर्नु पर्छ ।


# Anti-fungal Medicines – ढुसी संक्रमणको उपचार

## Clotrimazole

यो ढुसी  विरुद्धको औषधि हो । मुखमा, योनिमा, लिंगमा र छालामा ढुसी हुँदा प्रयोग गरिन्छ ।

### नराम्रा असर 

यदि यो मलम लगाउँदा छालामा घाउ भयो भने औषधि लगाउन बन्द गर्नुपर्छ ।

### कसरी प्रयोग गर्ने ? 

यो योनिमा प्रयोग गरिन्छ ।

**योनिमा ढुसी संक्रमण हुँदा**

- १ % क्रिम, ५ ग्राम योनिमा ७ दिन सम्म लगातार राती राख्ने ।
  **वा**
  २% भएमा योनिमा ३ दिनसम्म राख्ने ।

**लिंगमा ढुसी हुँदा ।**

- १% क्रिम लिंगमा ढुसी भएको ठाउँमा ७ दिनसम्म राख्ने ।

## Gentian violet (GV, methylrosanilinium chloride)

यो संक्रमण विरुद्ध लड्ने औषधि हो । यो मुख, योनि र छालामा हुने  सक्रमण हुँदा प्रयोग गरिन्छ ।

### महत्वपूर्ण

यो प्रयोग गर्दा छाला प्याजी रंगको हुन्छ । तर लुगामा लागेपछि  चाँही रंग जाँदैन ।

### कसरी प्रयोग गर्ने ? 

**योनीमा ढुसी संक्रमण हुँदा ।**

- जेनसन भाइलेट १% एक सानो टुक्रा  रुवामा राखेर रातभर योनीमा  राख्ने

# Miconazole


यो ढुसीको उपचार गर्ने एक औषधि हो । यो  योनी, लिंग र छालामा प्रयोग गरिन्छ ।

## कु प्रभाव 

यसको प्रयोग गर्दा छाला चिलाएमा बन्द गर्नुपर्छ ।

## ध्यान दिनुपर्ने कुरा ⚠

गर्भवती भएको बेला यो प्रयोग गर्नु हुँदैन । किनभने यसले भ्रुणको विकासमा अवरोध गर्छ ।

## कसरी प्रयोग गर्ने ? 

यो योनीमा राखिन्छ ।

**योनीमा ढुसी पर्दा प्रयोग गर्ने ।**

➡ २% को ५ ग्राम क्रिम योनीमा प्रत्येक राती ७ दिन सम्म राख्ने ।

**लिंगमा भएको ढुसीको लागि प्रभावित क्षेत्रमा लगाउनुपर्छ ।**


➡ २% क्रिम लिंगमा बिहान बेलुका ७ देखि १४ दिनसम्म लगाउने ।

# Nystatin

यो पनि ढुसीको उपचारको लागि प्रयोग गरिन्छ ।

## कु प्रभाव 

यदि यसले छालामा चिलायो भने बन्द गर्नुपर्छ ।

## कसरी प्रयोग गर्ने ? 

यो पनि क्रिमको रुपमा  योनीमा प्रयोग गरिन्छ ।

**ढुसी संक्रमणको लागि**

➡ बिहान बेलुका  योनीमा १० देखि १४ दिनसम्म राख्नुपर्छ ।।

**लिंगमा ढुसी संक्रमण**

➡ क्रिम लिंगको छालामा दिनको २ चोटी ७ देखि १४ दिनसम्म लगाउने ।

# Antiviral Medicines

## Acyclovir

यो जनै खटिराको उपचारको लागि प्रयोग गरिन्छ । यसले जनै खटिरा ठिक पार्दैन, तर दुखाइ कम गर्छ, फैलिनबाट रोक्छ ।

### नराम्रो असर

यसले कहिलेकाहीँ टाउको दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने हुन सक्छ ।

### ध्यान दिनुपर्ने कुरा

यदि मृगौलाको समस्या छ भने प्रयोग गर्नु हुँदैन ।

### कसरी प्रयोग गर्ने ?

लक्षण देखापर्ने बित्तिकै प्रयोग गरिहाल्नु पर्छ ।

**यौनागंमा खटिरा हुँदा ।**

➡ २०० मि.ग्रा दिनमा ५ चोटी ७ दिनसम्म दिने ।
वा
४०० मि.ग्रा दिनको ३ चोटी ७ दिनसम्म दिने ।

**यदि योनागंको जनै खटिरा पहिले पनि भएको छ भने ।**

➡ २०० मि.ग्रा दिनमा ५ चोटी ५ दिनसम्म दिने ।
वा
४०० मि.ग्रा दिनको ३ चोटी ५ दिनसम्म दिने ।

यदि वर्षमा ६ चोटी यो दोहोरियो भने अनुभवि स्वास्थ्यकर्मीसंग छलफल गरेर लामो समयको लागि प्रयोग गर्ने कि भनेर छलफल गर्नुपर्छ ।

यौनागंमा मुसाको उपचार

# मुसाको उपचार

## Podofilox

(Podofilox) पोडोफाइलक्स यो एक तरल पदार्थ हो र यौनागंमा हुने मुसाको लागि प्रयोग गरिन्छ । पोडोफिलिन (podophyllin) विचार गरेर प्रयोग गरिएन भने खराबी गर्न सक्छ । तर (Podofilox) पोडोफाइलक्स चाँहि सुरक्षित हुन्छ । पहिलो चोटि त स्वास्थ्य चौकिमा गएर लगाउन सकिन्छ । अनि घरमा नै रुवाको सहायताले वा औंलाले पनि लगाउन सकिन्छ । लगाएपछि हात धुनु पर्छ । यो सुकेपछि मात्र भित्री बस्त्र लगाउनु पर्छ ।

### नराम्रा असर

(Podofilox) पोडोफाइलक्सले छालामा घाउ बनाउन सक्छ । रगत बग्न सक्छ ।

### महत्वपूर्ण

गर्भवती र दूध खुवाउने महिलाले प्रयोग नगर्ने ।

यदि छालामा घाउ भए फेरी प्रयोग नगर्ने ।

### कसरी प्रयोग गर्ने ?

- (Podofilox) पोडोफाइलक्सलाई दिनको दुई चोटी ४ दिनसम्म लगाउने । ४ दिनसम्म उपचार नगर्ने । अनि ४ दिन पछि फेरीउपचार गर्ने । र फेरी ४ दिन औषधि रोक्ने । यसैगरी ४ हप्तासम्म गर्ने । मुसा गएपछि औषधी बन्द गर्ने । ठिक नभए स्वास्थ्यकर्मी कहाँ जाने ।

## Trichloroacetic acid / bichloroacetic acid

Trichloroacetic acid / bichloroacetic acid पनि यौनागंमा मुसामा लगाएर मुसा सानो पारिन्छ । यो लगाउँदा होशियार हुनुपर्छ, नत्र पोल्न सक्छ ।

### कु प्रभाव

Trichloroacetic acid / bichloracetic acid प्रयोग गर्दा सामान्य छालामा पोल्न सक्छ ।

### ध्यान दिनुपर्ने कुरा

होशियार भएर प्रयोग नगरे यसले घाउ बनाउन सक्छ ।

### कसरी प्रयोग गर्ने ?

यो १०% देखि ३५% औषधि भएको तरल पदार्थ हो । छालामा लगाईन्छ ।

**Genital warts:** (मुसाको लागि)

यो प्रयोग गर्दा पेट्रोलियम जेली लगाएर वरिपरिको छाला सुरक्षित राख्नु पर्छ । त्यसपछि चुचे पारेको रुवामा trichloroacetic acid वा bichloroacetic acid लिएर मुसा भएको ठाउँमा राख्नुपर्छ । त्यो मुसा सेतो हुँदै जान्छ ।

यो उपचार गर्दा ठिक हुँदै जाँदा मुसा भएको ठाउँमा घाउ हुन्छ । यदि धेरै दुखे उपचार गर्न रोक्नुपर्छ । घाउ एक हप्तामा ठिक हुन्छ ।त्यसलाई संक्रमण हुन नदिन सफा राख्नुपर्छ ।

# Gonorrhea / Chlamydia को संगै उपचार गर्नें

यी दुइ  यौन रोग प्रायसंगै देखिन्छन् । २ वटा  औषधी प्रयोग गरेर ठिक पार्नु पर्छ ।

विरामीको यौन साथीलाई पनि उपचार गर्नुपर्छ ।

| औषधि | कति दिने | कसरी प्रयोग गर्नें |
|---|---|---|
| ceftriaxone | 250 mg | एकचोटी सुई दिने |
| अथवा cefixime | 400 mg | मुखबाट दिने, एकैचोटी |